नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

भाद्र/आश्विन २०७३ (September 2016) वर्ष २०/अङ्क २३४

## भलाइ गर्न भलाइको स्रोतले भरिनु

- एल्डर सिमोन पाठक

तपाईंको हृदयमा कुनै व्यक्तिप्रति, माया, प्रेम, वास्ता छ भने व्यवहारमा त्यस व्यक्तिप्रति तपाईं के कुराहरू प्रकट गर्नुहुन्छ ? माया, प्रेम वास्ता नै प्रकट गर्नुहुन्छ, होइन र ? यदि तपाईंको हृदयमा कुनै व्यक्तिप्रति रीस, ईर्ष्या, डाह, घृणा छ भने व्यवहारमा त्यस व्यक्तिप्रति तपाईं के कुरा प्रकट गर्नुहुन्छ ? रीस, ईर्ष्या, डाह, घृणा नै प्रकट गर्नुहुन्छ, होइन त ?

हाम्रो हृदयमा भरिने कुराहरूको स्रोत अथवा जराचाहिँ खराब छ भने हाम्रो हृदयबाट पनि खराब कुराहरू नै बाहिर निस्केर आउँछन्। तर हाम्रो हृदयमा भरिने कुराहरूको स्रोत अथवा जराचाहिँ असल छ भने हाम्रो हृदयमा पनि असल कुराहरूले नै भरिन्छ र असल कुराहरू नै व्यवहारमा प्रकट हुँदछ। बाइबल धर्मशास्त्रले बताउँछ, सबै उत्तम थोकहरूको स्रोत परमेश्वर हुनुहुन्छ।

"हरेक असल दान र हरेक सिद्ध वरदान स्वर्गबाट हो, यो वरदान ज्योतिका पिताबाट आउँछ। बदलिरहने छायाँजस्तो उहाँमा कुनै हेरफेर हुँदैन" (याकूब १:१७)। हरेक असल दान र हरेक सिद्ध वरदान स्वर्गको परमेश्वरबाट आउँछ।

"आफूले बनाउनुभएको हरेक कुरा परमेश्वरले हेर्नुभयो। र त्यो साह्रै राम्रो थियो..." (उत्पत्ति १:३१)। परमेश्वरले सृष्टि गर्नुभएका सबै कुरा साह्रै राम्रा थिए। मानिसको निम्ति भलाइ गर्ने थिए। किनकि उहाँ सबै राम्रा र भलाइ थोकहरूका स्रोत हुनुहुन्छ। हाम्रो हृदयलाई परमेश्वरबाटको असल कुराहरूले भर्नु हो भने परमेश्वरको भलाइलाई जान्नु पर्दछ। भलाइ परमेश्वरको विशिष्ट गुणहरूमध्येको एउटा गुण हो। परमेश्वरको भलाइ, प्रेम, दया, कृपा र अनुग्रहसँग सम्बन्धित छ। "परमप्रभु सबैमाथि भलो हुनुहुन्छ र आफ्नो समस्त सृष्टिमाथि दया राख्नुहुन्छ" (भजनसंग्रह १४५:९)।

परमेश्वर सबैमाथि भलो हुनुहुन्छ। उहाँले कहिल्यै पनि मानिसको कुभलो गर्नुहुन्न। असल बुवाआमाले आफ्ना छोराछोरीप्रति कहिल्यै पनि कुभलो गर्नुहुन्न। उहाँहरूले जहिले पनि भलो चिताउनुहुन्छ। आफ्ना छोराछोरीहरूको उन्नति, प्रगति देख्न चाहनुहुन्छ। परमेश्वर मानिस भन्दा धेरैमाथि हुनुहुन्छ। हामीले उहाँलाई नचिनेर उहाँको विरूद्धमा पापका कामहरू गरेको समयमा पनि उहाँले आफ्नो भलाइ हामीप्रति प्रकट गरिराख्नुभएको हुन्छ।

एकदिन पावल र बर्णाबास लुस्त्रा शहरमा सुसमाचार सुनाउन गएका थिए। त्यहाँ एकजना जन्मैदेखिको अपाङ्ग भएर बसेको मानिस थियो। पावलले त्यो अपाङ्गलाई येशूको नाउँमा प्रार्थना गरे अनि त्यो तुरून्तै निको भयो। त्यो मानिस निको भएको कारण लुस्त्रा शहरका मानिसहरूले पावल र बर्णाबासलाई देवता भनी पूजा गर्न खोजे। पावलले त्यहाँका मानिसहरूलाई सम्झाउँछन् तपाईंहरूले भूल गर्दै हुनुहुन्छ। हामी तपाईंहरू जस्तै मानिस मात्र हौं। हामीले पनि एक समय अज्ञानतामा मानिसहरूलाई देवता भनी पूजा गर्ने गर्थ्यौं। हामी आ-आफ्नै रीतिअनुसार चलेका थियौं। तपाईंहरू पनि त्यसरीनै चलिराख्नुभएको छ। तपाईंहरूले परमेश्वरको विरूद्धमा पापहरू गरिराख्नुभएको छ। तर पनि सृष्टिकर्ता परमेश्वरचाहिँ तपाईंहरूप्रति भलो नै हुनुभएको छ भनी पावल भन्दछन्:

"तापनि उहाँले आफूलाई गवाहीविना छोड्नुभएन, किनकि उहाँले भलो गरेर तपाईंहरूलाई स्वर्गबाट पानीको झरी र फलवन्त ऋतु दिनुभयो र तपाईंहरूका हृदयलाई भोजन र आनन्दले सन्तुष्ट पार्नुभयो" (प्रेरित १४:१७)।

परमेश्वरको भलोपन सबै मानिसहरूप्रति हुन्छ तर उहाँको भलोपन थाहा पाउन मानिसको हृदयबाट पाप हट्नुपर्छ। उहाँसँग ठीक सम्बन्धमा हुनुपर्छ। पापी हृदयबाट उत्तम कुराहरू वा भलाइको मूल फुट्न सक्दैन। हाम्रो हृदयबाट उत्तम कुराहरूको मूल फुट्नको निम्ति परमेश्वरको विरूद्धमा गरेको पापको क्षमा माग्नुपर्छ। परमेश्वरको बाटोमा हिँड्नुपर्छ। उहाँसँग हाम्रो ठीक सम्बन्ध हुनुपर्दछ।

"सत्य मार्गमा हिँड्नेहरूलाई परमप्रभुले कुनै भलो थोकबाट बञ्चित राख्नुहुन्न" (भजनसंग्रह ८४:११)। बाइबल धर्मशास्त्रअनुसार सत्य व्यक्ति हुनुहुन्छ। येशूले भन्नुभयो, "बाटो, सत्य र जीवन म नै हुँ। मद्वारा बाहेक ? कोही पनि पिताकहाँ आउन सक्दैन" (यूहन्ना १४:६)।

उहाँको बाटोमा हिँडनेहरूलाई असल कुराहरूको अभाव हुँदैन। उहाँलाई प्रेम गर्ने र उहाँको अभिप्रायअनुसार बोलाइएकाहरूका निम्ति हरेक कुरामा परमेश्वरले भलाइ गर्नुहुन्छ। "हामी जान्दछौं, उहाँलाई प्रेम गर्नेहरू र उहाँका अभिप्रायअनुसार बोलाइएकाहरूका निम्ति हरेक कुरामा परमेश्वरले भलाइ नै गर्नुहुन्छ" (रोमी ८:२८)।

परमेश्वरले सबै कुराहरूद्वारा भलाइ उत्पन्न गर्नुहुन्छ भन्ने सत्यता जान्यौं भने त्यसको परिणाम के हुन्छ ? सबै परिस्थितिमा परमेश्वरलाई धन्यवाद चढाइराख्न सक्छौं। किनकि उहाँ सबै भलाइ, असल, राम्रा कुराहरूको स्रोत हुनुहुन्छ। हाम्रो हेराइमा वर्तमानको परिस्थिति खराब, कुभलो जस्तो भएतापनि परमेश्वरसँग संगति गर्न, उहाँको बाटोमा निरन्तर हिँड्न, र निरन्तर प्रार्थनामा लागिरह्यौं भने प्रतिकूल परिस्थितिको समयमा पनि परमेश्वरले भलाइ उत्पन्न गर्न सक्नुहुन्छ।

### मानविय भलाइ र ईश्वरीय भलाइमा के फरक छ ?

मानविय भलाइले हामीलाई तुरून्त खुशी पैदा गर्छ, क्षणिक आनन्द दिन्छ। तपाईंलाई पचास हजार रूपैंयाको खाँचो परेको थियो।

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरुजुधारा | भैंसेपाटी |
|---|---|---|---|---|---|---|---|
| भाद्र २५ September 10 | एल्डर सिमोन पाठक | एल्डर मान बहादुर मगर | पाष्टर अशोक मुखिया | एल्डर सिमोन खालिङ | पाष्टर दफ्तन सादा | श्री दानियल घले | एल्डर छचोगेन रोंगोंग |
| आश्विन १ September 17 | एल्डर अर्जुन ढकाल | डीकन राजु तामाङ्ग | श्री प्रकाश श्रेष्ठ | पाष्टर बि.बि. खवास | एल्डर श्रीलक्ष्मी सैंजु | एल्डर सीता गुरूङ्ग | एल्डर गोपाल शर्मा |
| आश्विन ८ September 24 | एल्डर सामुएल क्षेत्री | एल्डर पूर्ण सुनुवार | श्री सिद्धि खालिङ | पाष्टर रोबर्ट कार्थक | डीकन सिमोन भण्डारी | एल्डर घन श्याम दाहाल | श्री स्टिफन राई |
| आश्विन १५ October 1 | पाष्टर सामुएल कार्थक | संयुक्त सेवा ज्ञानेश्वर चर्च | संयुक्त सेवा ज्ञानेश्वर चर्च | पाष्टर दफ्तन सादा पाष्टर बि.बि. खवास | एल्डर रूबेन श्रेष्ठ | पाष्टर रोल्याण्ड रोंगोंग | एल्डर शरण राई |

कहाँबाट ल्याउने, कसरी यो खाँचो टार्ने तपाईं छट्पटाइराख्नुभएको थियो । तपाईंको एकजना साथीले पचास हजारको अभावले तपाईं संकष्टमा परेको थाहा पायो र पचास हजार सापटी दियो भने तपाईंको निम्ति त्यो कहिल्यै नबिर्सने भलाइ भयो । त्यो गुण अथवा भलाइप्रति तपाईं कृतज्ञ हुनुहुन्छ । तपाईं क्षणिक समयको लागि भएपनि आनन्दित हुन सक्नुहुन्छ । मानविय भलाइले चाहिँ छोटो समयको लागि भएपनि खुशी पैदा गर्छ, क्षणिक आनन्द दिन्छ । फेरि पैसाको अभाव हुन्छ फेरि अशान्ति हुन्छ ।

**ईश्वरीय भलाइ अथवा परमेश्वरले गर्नुहुने भलाइले चाहिँ दीर्घकालिन आनन्द दिन्छ ।** परमेश्वरले गर्नुहुने भलाइले हामीलाई अनन्त जीवनमा पुऱ्याउँछ । परमेश्वरले आफ्नो पुत्र येशू ख्रीष्टलाई यस संसारमा पठाउनुभएर गर्नुभएको भलाइचाहिँ दीर्घकालिन भलाइ हो । ईश्वरीय भलाइमा क्षणिक ताडना पनि हुन्छ तर दु:ख दिन होइन हामीलाई अझै फलवन्त बनाउनलाई हो । किसानले फल फल्ने रूखलाई छाँट्दा दुख्छ तर त्यसले पछिबाट बढी फल दिन्छ । ईश्वरीय भलाइचाहिँ पवित्र आत्माको फल हो (गलाती ५:२२) । परमेश्वरले पवित्र आत्माद्वारा हाम्रो जीवनमा काम गर्नुहुन्छ अनि हामीमा भलाइको फल उत्पन्न हुन्छ । हामीलाई घृणा गर्ने, कुभलो चिताउनेहरूप्रति बदलाको भावना जगाउनको सट्टा प्रेमको भावना पैदा हुन्छ र तिनीहरूको लागि प्रार्थना गर्नसक्छौं । परमेश्वरले गर्नुहुने भलाइचाहिँ मानविय सोचभन्दा धेरै फरक छ ।

"उहाँले दुष्ट र सज्जन दुवैलाई सूर्यको ताप दिनुहुन्छ । धर्मी र पापी दुवैलाई वृष्टि दिनुहुन्छ (मत्ती ४:४५) ।" परमेश्वरले दुष्ट र सज्जन दुवैलाई सूर्यको ताप दिनुहुन्छ । धर्मी र पापी दुवैलाई वृष्टि दिनुहुन्छ । यो धर्मीको घर रहेछ, यसलाई बढी समय उज्यालो, ताप दिनुपऱ्यो । यो पापीको घर रहेछ, यसलाई थोरै समय उज्यालो वा ताप दिनुपऱ्यो भन्दैन । यो पापीको खेत रहेछ, थोरै पानी दिनुपऱ्यो । यो धर्मीको खेत रहेछ, धेरै वृष्टि दिनुपऱ्यो भन्दैन ।

परमेश्वर भलो हुनुहुन्छ भनेको यही नै हो । हामीले उहाँको विरूद्धमा पाप गरिराखेको समयमा पनि प्रेम गरिराख्नुहुन्छ । मानिस दुष्ट भएको समयमा पनि परमेश्वरले उसको जीवनमा असल हुने काम गर्नुको उद्देश्यचाहिँ हो मानिसले यो जीवनमा नै उहाँको भलोपनलाई थाहा गर्न सकोस्, पापको पश्चात्ताप गर्न सकोस्,परमेश्वरको बाटोमा हिँड्न र आफ्नो जीवनबाट असल कामहरू गर्न सकोस् भनेर नै हो । हामीहरूबाट असल कामहरू, भलाइका कामहरू हुनको निम्ति हामी पहिला असल बन्नुपर्छ । असल मानिस को हो ? बाइबल धर्मशास्त्रअनुसार असल मानिस त्यो हो जो परमेश्वरसँगको संगतिमा रहन्छ र उहाँको आज्ञाअनुसार जीवन जिउँछ ।

"ए मानिस, जे असल छ, त्यो उहाँले तँलाई देखाउनुभएको छ । र परमप्रभुले तँबाट के चाहनुहुन्छ ? केवल यति, ठीकसित काम गर्नू र कृपालाई प्रेम गर्नू र तेरा परमेश्वरसित विनम्र भएर हिँड्नू" (मीका ६:८) । "प्रिय हो, खराबीको अनुकरण नगर, तर भलाइको अनुकरण गर । जसले भलो गर्दछ, त्यो परमेश्वरको हो, जसले खराबी गर्दछ, त्यसले परमेश्वरलाई देखेको छैन" (३ यूहन्ना ११) ।

असल फल फलाउनको निम्ति व्यक्ति पहिला असल हुनुपर्छ । "कि रूखलाई असल बनाओ, र त्यसको फल असल हुनेछ । कि रूखलाई खराब बनाओ र त्यसको फल पनि खराब हुनेछ । किनभने फलबाट नै रूख चिनिन्छ । ए सर्पका बच्चा हो । तिमीहरू आफै दुष्ट छौ, असल कुरा कसरी बोल्न सक्छौ ? किनभने हृदयमा भरिएका कुराहरू नै मुखबाट निस्कन्छन् । असल मानिसले आफूभित्र भरिएका असल थोकबाट असलै थोक निकाल्छ, तर दुष्ट मानिसले आफूमा भरिएको दुष्टताबाट दुष्ट थोक नै निकाल्छ" (मत्ती १२:३३-३५) । "किनकि हामी असल कामहरूका निम्ति ख्रीष्ट येशूमा सृजना गरिएका उहाँका हातका सीप हौं । हामी ती बमोजिम हिँडौं भन्ने हेतुले परमेश्वरले पहिलेबाटै ती तयार गर्नुभएको थियो" (एफिसी २:१०)। भलाइ गर्न भलाइको स्रोतले भरिनु आवश्यक छ । भलाइको स्रोत परमेश्वर स्वयं हुनुहुन्छ । **के हामी भलाई गर्नुहुने परमेश्वरसँग संगति गर्दै उहाँको आज्ञाअनुसार जीवन जिउँदैछौं ?**

### सेप्टेम्बर महिनाको कार्यक्रम

भाद्र १९ गते/सेप्टेम्बर ४ तारिख आइतबार बिहान १०:००बजे **महिला संगति** आ- आफ्नै मण्डलीमा ।

आश्विन २ गते/सेप्टेम्बर १८ तारिख आइतबार बिहान १०:००-३:०० **नेइम कार्यकारिणीको बैठक** नेइम ललितपुर मण्डलीमा ।

आश्विन ९ गते/सेप्टेम्बर २४ तारिख आइतबार बिहान १०:००-२:०० **नेइम बाल संगतिको आर्ट एण्ड क्राफ्ट** मण्डलीमा ।

आश्विन ९ गते/सेप्टेम्बर २५ तारिख आइतबार बिहान १०:००-२:०० **नेइम शिक्षक/शिक्षिकाहरूको भेला** नेइम गोंगबूँ मण्डलीमा ।

आश्विन १२ -१४ गते/सेप्टेम्बर २८-३० तारिख बुधबार-शुक्रबार र आश्विन १७ -१९ गते/अक्टोबर ३-५ तारिख सोमबार-बुधबार बिहान १०:००-२:०० **स्कूल अफ् मिनिष्ट्री** नेइम ज्ञानेश्वर मण्डलीमा ।

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | जोरपाटी | जहरसिंह पौवा | गाम्छा | सुन्दरीजल | साँखु | गोंगबूँ | धापासी | भंगाल |
|---|---|---|---|---|---|---|---|---|
| **भाद्र २५**<br>September 10 | पाष्टर<br>प्रेम श्रेष्ठ | एल्डर<br>जमान घ्लान | श्री<br>राज गुरूङ्ग | एल्डर<br>गोपी राई | एल्डर<br>सागर थापा | पाष्टर<br>रोबर्ट कार्थक | संयुक्त सेवा<br>गोंगबूँ चर्च | श्री<br>डी.बी. राई |
| **आश्विन १**<br>September 17 | पाष्टर<br>रोबर्ट कार्थक | **संयुक्त सेवा जोरपाटी चर्च** | | | | एल्डर<br>पिटर लिम्बू | एल्डर<br>बेन्जामिन तामाङ्ग | एल्डर<br>बी.एन. पण्डित |
| **आश्विन ८**<br>September 24 | एल्डर<br>गोपी राई | एल्डर<br>सागर थापा | एल्डर<br>अष्ट श्रेष्ठ | पाष्टर<br>प्रेम श्रेष्ठ | डीकन<br>पेशल राई | पाष्टर<br>बर्णबास श्रेष्ठ | एल्डर<br>छोदेन कार्थक | एल्डर<br>जोरबिर राई |
| **आश्विन १५**<br>October 1 | पाष्टर<br>बासिल डिसोजा | एल्डर<br>जमान घ्लान | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>दानिएल सापकोटा | डीकन<br>पासाङ्ग तामाङ्ग | पाष्टर<br>बर्णबास श्रेष्ठ | श्री<br>प्रशान्त सिंह | संयुक्त सेवा<br>धापासी चर्च |

## जानकारी

भाद्र ४ गते अगष्ट २० तारिख शनिबार नेइम गोंगबूँ चर्चमा १२ जना विश्वासीहरूको समर्पण भयो ।

भाद्र ११ गते अगष्ट २७ तारिख शनिबार नेइम ललितपुर चर्चमा १० जना विश्वासीहरूको समर्पण भयो ।



जोरपाटी बस्नुहुने नेइम जोरपाटी चर्चको सदस्य श्री आकाश (रूद्र बहादुर) मगर ४५ वर्षको उमेरमा साउन २५ गते अगष्ट ९ तारिख मंगलबार प्रभुमा सुत्नुभयो ।



गोंगबूँ नयाँ बस पार्क बस्नुहुने नेइम गोंगबूँ चर्चको सदस्य श्रीमती सानु कान्छी बोम्जन ३० वर्षको उमेरमा साउन ३१ अगष्ट १५ सोमबार प्रभुमा सुत्नुभयो ।



गोंगबूँ नयाँ बस पार्क बस्नुहुने नेइम गोंगबूँ चर्चको सदस्य श्रीमती सानु कान्छी बोम्जनकी छोरी सुश्री एलिशा लामा ९ वर्षको उमेरमा साउन ३१ अगष्ट १५ सोमबार प्रभुमा सुत्नुभयो ।

### मिशनेरीहरूको लागि प्रार्थना

श्री जेम्स र श्रीमती सेल्भी नेपाली परिवार (मुम्बई), पाष्टर नरेन्द्र र श्रीमती शान्ता सिंह परिवार (कोटद्वार, गढवाल), पाष्टर प्रदीप र श्रीमती फिलोमिना बज्राचार्य परिवार (पुने), पाष्टर लोक र श्रीमती परिना गुरूङ्ग परिवार (सिलगढी, भारत), पाष्टर अब्राहाम र श्रीमती केट श्रेष्ठ परिवार बेलायत, पाष्टर तिमोथी र श्रीमती शान्ता थापा परिवार (बेङ्गलोर, भारत) । उहाँहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

## विशेष प्रार्थना

१. देशको वर्तमान परिस्थितिको कारण कोही पनि निरास हताश नभई परमेश्वरमा पूर्ण भरोसा राखी देशको निम्ति प्रार्थना गर्नेहरू हुन सकून् ।

२. विश्वभरि प्राकृतिक प्रकोपमा परेर दुःख भोगिरहेकाहरूको लागि प्रार्थना गरिदिऔं साथै येशू प्रभुको नाउँको खातिर सारा संसारभरि दुःख, कष्ट, खेदो, सतावट सहिरहनुभएका प्रभुको जनहरूको लागि प्रार्थना गरिदिऔं ।

३. आउँदा दिनहरूको समयमा पानीको बप्तिस्मा लिनुभएकाहरू, प्रभुलाई ग्रहण गर्नुभएकाहरू साथै अधुरा परिवारमा हुनुभएका विश्वासीहरू सबै अप्ठ्यारो परिस्थितिमा स्थिर रहन पवित्र आत्माको सहायता मागिदिऔं ।

४. असोज/कार्तिक (सेप्टेम्बर/अक्टोबर) महिनामा देशका विभिन्न मण्डलीहरूमा हुने सेवा संगति तथा सम्मेलनहरूको लागि प्रार्थना गरिदिऔं ।

५. मण्डलीलाई परमेश्वरको इच्छाअनुसार पवित्र आत्माको सहायतामा शिक्षा दिन, हुर्काउन, डोऱ्याउन, आत्मिकी रूपमा वृद्धि गर्न र व्यवस्थित गर्दै लैजानको लागि नेइमअन्तर्गतका सम्पूर्ण अगुवाहरूको लागि प्रार्थना गरिदिऔं ।

६. मिशनेरी भएर जानुभएकाहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

७. प्रभुलाई चिनेर पनि फेरि संसारतिर फर्केर जानुभएकाहरू अनुग्रहको समय छँदा नै प्रभुमा फर्केर आउन सकून् ।

८. विभिन्न प्रकारका कुलतमा फसेका सम्पूर्ण जवानहरूले ख्रीष्टयेशूको क्रूशको शक्तिमा ती बन्धनबाट स्वतन्त्र हुन सकून् । प्रभुलाई नचिनेका जवानहरूले पनि कुनै न कुनै माध्यमबाट ख्रीष्ट येशू प्रभुमा पाप क्षमा, मुक्ति, अनन्त जीवन, छुट्कारा र स्वतन्त्रता छ भन्ने कुरा थाहा पाई विश्वास गर्न सकून् ।

९. सम्पूर्ण मण्डलीका जवानहरूले परमप्रभु परमेश्वरलाई आफ्नो सारा हृदयले, प्राणले र समझले प्रेम गर्न सकून् साथै उनीहरूको जीवन परमप्रभुमा साँचो आराधनाको रूपमा अर्पण गर्न सकून् र साक्षीपूर्ण जीवन जिउन पवित्र आत्माको सहायता मागिदिऔं ।

१०. जवानहरूको विवाह, पढाई, काम व्यवसायी,सुरक्षा, साथै विवाह बन्धनमा बाँधिनुभएका परिवारहरूको लागि प्रार्थना गरिदिऔं ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार** Sunday | १९ 4<br>विभिन्न सेवा संगतिहरूमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन र पवित्र आत्माको अगुवाइ मागिदिऔं।<br>एज्रा ७:९-१० | २६ 11<br>देशका सम्पूर्ण मण्डलीका सेवक/सेविका साथै मण्डली परिवारको लागि सुरक्षा मागिदिऔं ।<br>भजनसंग्रह ५:११-१२, १२५:१-३ | २ 18<br>विभिन्न देशमा रोजगार, अध्ययन र अन्य कामको लागि गएका नेपाली दाजुभाइ, दिदीबहिनीहरूले कुनै न कुनै माध्यमद्वारा प्रभु येशूलाई पाउन सकून् ।<br>१ तिमोथी २:१-५, २ पत्रुस ३:८-९ | ९ 25<br>नेपालमा भएका सम्पूर्ण विश्वासीहरूको जीवनको असल साक्षीद्वारा पनि धेरै मानिसहरू प्रभुमा आउन सकून् ।<br>एफिसी ४:१७-३२ |
| **सोमबार** Monday | २० 5<br>व्यक्तिगत, पारिवारिक र सामूहिक रूपमा चढाइने प्रार्थना आफ्ना विचारअनुसार मात्र होइन तर परमेश्वरको इच्छाअनुसार प्रार्थना गर्न पवित्र आत्माको अगुवाइ मागौं ।<br>१ यूहन्ना ५:१४-१५ | २७ 12<br>मण्डलीका सबै जवानहरू प्रार्थनाको साथै वचनमा आधारित जीवन जिउन पवित्र आत्माले नै सहायता गरून् ।<br>भजनसंग्रह ११९:९ | ३ 19<br>येशू प्रभुलाई विश्वास गरेकाहरू साँचो अर्थमा पूर्ण रूपमा परिवर्तित जीवनमापरमेश्वरलाई पछ्याउनेहरू हुन सकून् ।<br>एफिसी ५:१-१३ | १० 26<br>मण्डलीका सबै विश्वासीहरू आफै पनि वचनमा पाको हुँदै जानुको साथै एकअर्कालाई पनि वचनमा हुर्काउनेहरू हुन सकौं ।<br>भजनसंग्रह ११९:१-१८ |
| **मंगलबार** Tuesday | २१ 6<br>मंगलबार हुने आत्मिकी तथा चंगाई सेवाद्वारा मण्डलीमा जागृति, चंगाई, छुट्कारा आत्माको नविकरण, ताजापन, उत्साह, चिन्ह र आश्चर्यकर्म देख्न सकौं ।<br>यशैया ३५:३-७ | २८ 13<br>मण्डलीका विश्वासीहरूको जीवनमा आइपर्ने दु:ख, कष्ट, सतावट तथा समस्याहरूमा स्थिर रहनको साथै समाधानको लागि प्रार्थना गरौं ।<br>भजनसंग्रह ४६:१-११ | ४ 20<br>पढाइ र कामको क्षेत्रमा रहेका जवानहरू इमान्दार भएर परमेश्वरको साक्षीपूर्ण जीवन जिउन सकून् र उनीहरूको जीवनमा परमेश्वरको आशिष् र ज्ञान बुद्धि मागिदिऔं ।<br>हितोपदेश ९:१०, याकूब १:५ | ११ 27<br>मण्डलीलाई परमेश्वरले देखाउनुभएको बाटोमा हिँड्नको लागि पवित्र आत्माको उपस्थिति र अगुवाइ मागिदिऔं ।<br>भजनसंग्रह २५:४-५ |
| **बुधबार** Wednesday | २२ 7<br>मण्डलीअन्तर्गतका सबै घरेलु संगति-हरूको लागि प्रार्थना गरिदिऔं ।<br>कलस्सी ३:१६-१७ | २९ 14<br>आउँदा दिनहरूमा अधुरो घर परिवारमा हुनुभएकाहरू स्थिर रहन सकून् भनी प्रार्थना गरिदिऔं ।<br>हिब्रू ४:१४-१६ | ५ 21<br>दु:ख-कष्ट, अभाव-घटी, पारिवारिक समस्या विभिन्न कारणले थाकेकाहरू साथै रोगी बिरामीहरूको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४०:२७-३१ | १२ 28<br>प्रभुबाटको बोलावटमा प्रभुको महिमाको निम्ति जवानहरू आज्ञाकारी हुन सकून्।<br>यशैया ६:८ |
| **बिहीबार** Thursday | २३ 8<br>नेपालका सम्पूर्ण मण्डलीका विश्वासीहरू देशको वर्तमान परिस्थितिको कारण विचलित नभई प्रभुमा, वचन र प्रार्थनामा स्थिर रहन सकून् ।<br>भजनसंग्रह १२१:१-८, यशैया २६:३-४ | ३० 15<br>मण्डलीका विश्वासीहरू चारैतिर घटिरहेका अशान्ति, निरासका कुरातिर मात्र ध्यान दिई विचलित हुने होइन तर प्रभुको वचनमा रही स्थिर रहन सकून् ।<br>भजनसंग्रह ११९:४९-५० | ६ 22<br>पूर्व मेचीदेखि पश्चिम महाकाली, उत्तरी हिमाल, पहाडदेखि दक्षिण तराईसम्मका सम्पूर्ण मण्डलीका अगुवा साथै मण्डली परिवारको लागि प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह १०५:१४-१५ | १३ 29<br>मण्डलीका सबै आमा बुवा तथा अभिभावकहरूले आफ्ना बाल बालिकाहरू साथै छोराछोरीहरूलाई प्रभुको प्यार, प्रेम, शिक्षा, अनुशासनमा हुर्काउन सकून् ।<br>रोमी ६:४ |
| **शुक्रबार** Friday | २४ 9<br>हामी विश्वासीहरू परमेश्वरको वचन पढ्ने, सुन्ने, पालन गर्ने इच्छा बढेर गएको होस् ।<br>मत्ती ४:२४-२७ | ३१ 16<br>आराधना सेवाहरूमा वचनको सेवकाइ गर्नुहुनेहरू साथै मण्डली परिवारको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ५५:१-३, १०-११ | ७ 23<br>प्रत्येक शनिबार मण्डलीमा आउनुहुने खीष्ट प्रभुलाई विश्वास नगर्नुभएका सबैले खीष्ट प्रभुले दिनुहुने पाप-क्षमा र सितैंको मुक्ति विश्वासद्वारा ग्रहण गर्न सकून् ।<br>यशैया ४५:१८-२२, ५५:१-३ | १४ 30<br>आराधना सेवामा आउने हामी परमेश्वरका छोराछोरीहरू सधैं प्रभुको उपस्थितिको चाहना लिएर आउन सकौं ताकि हामी प्रभुमा बढ्दै जान सकौं ।<br>उपदेशक ५:१-६, २ कोरिन्थी ३:१७-१८ |
| **शनिबार** Saturday | २५ 10<br>आज हुने देशभरिका आराधना सेवाहरूद्वारा एक मात्र जीवित परमेश्वरलाई महिमा होस् ।<br>भजनसंग्रह ४७:१-९ | **१ आश्विन** 17<br>सारा विश्वव्यापी मण्डलीहरू संख्यात्मक वृद्धि, मात्र होइन तर आत्मिक जागृतिको साथै पवित्रतामा निरन्तर बढ्दै जान सकून् ।<br>१ पत्रुस १:१५-१६ | ८ 24<br>आज हुने आराधना सेवाद्वारा मण्डली अझै आशिषित् भई प्रभुको महिमाको लागि जागृत भई अघि बढ्न सकून् ।<br>प्रेरित ४:१२-२१ | १५ October 1<br>मण्डलीलाई प्रशस्त आशिष्मा डोर्‍याउनुहुने साथै आशिष्को कारण बनाउनुहुने परमप्रभु परमेश्वर पितालाई सबै आदर, भक्ति र महिमा चढाइरहन सकून् ।<br>भजनसंग्रह १४७:१-२० |

# तपाईंको वचन मेरो गोडाको निम्ति बत्ती, र बाटोको निम्ति उज्यालो हो ।

**(भजनसंग्रह ११९:१०५)**